# ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपाल

# २६ औं वार्षिक साधारणसभा

४ असोज २०७८, काठमाडौं




# वार्षिक प्रगति प्रतिवेदन, २०७७/०७८

# ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल
## कार्यसमिति (२०७७ - ०७९)



पद्मिनी प्रधानाङ्ग (अध्यक्ष)



बुद्धि नारायण श्रेष्ठ (उपाध्यक्ष)



मुकुन्द बहादुर प्रधान (महासचिव)



किरण थापा (कोषाध्यक्ष)



सागर राज शर्मा (सदस्य)



सुरेन्द्र वीर मालाकार, सदस्य
(राष्ट्रिय व्यावसायिक पहल, संस्थागत सदस्य)



कृष्ण ज्ञवाली (सदस्य)



आर्या श्रेष्ठ (सदस्य)



मदन कृष्ण शर्मा, सदस्य

**उपस्थिति**



आशिष थापा, कार्यकारी निर्देशक

# ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल
## मानार्थ र साधारण सदस्य

### मानार्थ सदस्य

१. डा. देवेन्द्रराज पाण्डे
२. श्री अम्बिका श्रेष्ठ
३. श्री दामोदर प्रसाद गौतम
४. श्री केदार भक्त माथेमा
५. श्री कृष्ण प्रसाद भण्डारी

### सदस्य

१. श्री खेमराज रेग्मी, सदस्य
२. श्री भरत बहादुर थापा, सदस्य
३. श्री बिष्णु बहादुर के.सी., सदस्य
४. श्री सविता भण्डारी बराल, सदस्य
५. डा. राम दयाल राकेश, सदस्य
६. श्री गीता केशरी, सदस्य
७. श्री महादेव प्रसाद यादव, सदस्य
८. श्री आनन्द राज मुल्मी, सदस्य
९. श्री रामकृष्ण मानन्धर, सदस्य
१०. श्री रमेश नाथ ढुङ्गेल, सदस्य
११. श्री आदित्य मान श्रेष्ठ, सदस्य
१२. श्री सुरेन्द्र वीर मालाकार, सदस्य
१३. श्री सीताराम अग्रहरी, सदस्य
१४. श्री लीलाप्रसाद सापकोटा, सदस्य
१५. श्री सोमराज सिग्देल, सदस्य
१६. श्री भीम बहादुर श्रेष्ठ, सदस्य
१७. श्री चिन्तामणी योगी, सदस्य
१८. श्री शरच्चन्द्र वस्ती, सदस्य
१९. श्री तोया गुरुङ, सदस्य
२०. डा. विश्व केशर मास्के, सदस्य
२१. डा. मीना आचार्य, सदस्य
२२. डा. पोषराज पाण्डे, सदस्य
२३. श्री दीपकुमार उपाध्याय, सदस्य
२४. श्री सूर्यनाथ उपाध्याय, सदस्य
२५. प्रा.डा. प्रेम राज पन्त, सदस्य
२६. श्री कनक विक्रम थापा, सदस्य
२७. डा. सुरेश राज चालिसे, सदस्य
२८. प्रा. डा. विजय के.सी., सदस्य
२९. डा. अनुशुया जोशी, सदस्य
३०. डा. ईश्वर प्रसाद उपाध्याय, सदस्य
३१. श्री भोजराज पोखरेल, सदस्य
३२. श्री मुकुन्द शर्मा पौडेल, सदस्य
३३. श्री वरुण प्रसाद श्रेष्ठ, सदस्य
३४. डा. रेवत बहादुर कार्की, सदस्य
३५. डा. विमल प्रसाद कोइराला, सदस्य
३६. श्री पवन कुमार ओझा, सदस्य
३७. श्री केशव प्रसाद आचार्य, सदस्य
३८. श्री जयराम सिंह बोहरा, सदस्य
३९. श्री प्रकाश ए राज, सदस्य
४०. श्री दोलख बहादुर गुरुङ, सदस्य
४१. डा. सूर्य प्रसाद शर्मा ढुङ्गेल, सदस्य
४२. श्री राजुमान सिंह मल्ल, सदस्य
४३. श्री राम प्रसाद श्रेष्ठ, सदस्य
४४. श्री गीता अर्याल, सदस्य
४५. श्री खेमराज पाण्डेय, सदस्य
४६. श्री सुरेन्द्र बहादुर भारीजु, सदस्य
४७. श्री महेन्द नारायण श्रेष्ठ, सदस्य
४८. श्री राजेश्वर नेपाली, सदस्य
४९. श्री चण्डेश्वर आचार्य, सदस्य
५०. श्री हरिबहादुर थापा, सदस्य
५१. श्री सुनिता गुरुङ्ग, सदस्य

२६औं वार्षिक साधारण सभामा महासचिव मुकुन्द बहादुर प्रधानद्वारा प्रस्तुत संस्थाको वार्षिक प्रगति प्रतिवेदन २०७७/०७८

## १. परिवेश

वि.सं. २०५३ सालमा दर्ता भएदेखि भ्रष्टाचारको विरोध तथा सदाचार, जवाफदेहिता र पारदर्शिता प्रवर्द्धनमा सक्रिय रहेको ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपालले आर्थिक वर्ष २०७७/०७८ मा (२५औंदेखि २६औं वार्षिक साधारण सभासम्म) उक्त अभियानलाई समयसापेक्ष बनाई ज्वलन्तरुपमा निरन्तर सक्रिय रह्यो । यसपटक पनि कोभिड महामारी, सरकारबाट गरिएको लकडाउन र निषेधाज्ञाले संस्थाको सार्वजनिक कार्यक्रमहरू पूर्णरुपमा सञ्चालन गर्न नसके तापनि तोकिएको मापदण्डभित्र रही सम्भव भएका गतिविधिहरू सञ्चालन गरियो । समयसापेक्ष विषयमा भ्रष्टाचार विरुद्धको आवाज उठाइरहने कार्य जारी रह्यो ।

अन्य वर्षको तुलनामा यस वर्ष देशको राष्ट्रिय सदाचार प्रणाली बढी नै प्रभावित रहेको देखिएको छ । नयाँ संविधान निर्माण र झन्डै दुई तिहाइको सरकार आएपश्चात् आम-नागरिकले संस्थागत सुशासन बढेर जाने, संघीय संरचना सुदृढ हुने र आम-नागरिकको जीवनमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरेका थिए । तर, यो साकार हुन सकेको छैन । राजनीतिक दलहरूभित्र गुटबन्दीका कारण दलहरूमा अविश्वास बढ्नाले दलीय प्रणाली र संघीय संरचनाका व्यवस्थाउपर नै नागरिकहरूबाट प्रश्न गर्न सुरु भएको छ । राजनीतिक दलको खिचातानी र केन्द्र तथा प्रदेशहरूमा सरकार परिवर्तनको खेलले वर्तमान अवस्थामा भ्रष्टाचार नियन्त्रणको एजेन्डामा राजनीतिक प्रतिवद्धता रहन सकेको छैन ।

यस वर्ष दुई तिहाइ मत पाएको सत्तासीन दलभित्रका गुटहरूको आन्तरिक द्वन्द्व, विभाजन तथा गुटगत राजनीतिले आर्थिक विकास, स्थायित्व र स्थिरताको महत्वपूर्ण एजेन्डाहरूबाट देश विमुख भएको छ । प्रधानमन्त्रीबाट भएको संसद् विघटनको सिफारिस राष्ट्रपतिबाट स्वीकृत भएको, निर्वाचनको मितिसमेत सार्वजनिक गरिएको तर प्रतिनिधि सभाका १४६ बहुमत सांसदले संसद् पुनःस्थापना गरिदिन निवेदन दिएपछि सर्वोच्च अदालतले संसद् पुनःस्थापना गरेको छ । साथै, सर्वोच्चकै फैसलाले देशले अहिले नयाँ गठबन्धन सरकार पाएको छ ।

कोभिड-१९ महामारीको असर गतवर्षभन्दा यस वर्ष धेरै देखिएको छ । महामारीको व्यवस्थापन र सामग्री खरिदमा भ्रष्टाचार र अनियमितता भएको छ भन्ने जनगुनासो बढ्दो छ । सरकार धेरै काण्डमा मुछिएको सञ्चारमाध्यममा समाचार प्रेषित भएका छन् । संवैधानिक निकायहरूमा सरकार र दलको प्रभाव देखिएको छ । सरकार परिवर्तनको खेलले मुलुकको स्रोत-साधन महामारी नियन्त्रणमा सहीरुपमा प्रभावकारी प्रयोग नहुने हो कि भन्ने पनि आशंकासमेत उब्जिएको छ ।

हालै सार्वजनिक भएको महालेखा-परीक्षकको प्रतिवेदनले बेरुजु फछ्र्यौटको सम्बन्धमा सरकार र सदनसमेत गम्भीर भएको नदेखिएको र मन्त्री परिवर्तनसँगै सचिव परिवर्तन हुने परिपाटीले बेरुजु फछ्र्यौटमा असर परेको देखाएको छ । सरकारले हालै जारी गरेको अध्यादेशले दलहरू विभाजन हुँदा पनि सरकारले पूर्ण रुप लिन नसकेकोमा संघीय संरचनामा पनि सरकारमा जाने आकांक्षा दल र व्यक्तिस्तरमा कायमै रहेको देखिएको छ । साथै, सर्वोच्च अदालतबाट हालै सार्वजनिक भएको न्यायपालिकामा हुनसक्ने अनियमिततासम्बन्धी प्रतिवेदन २०७८ बाट पनि न्यायिक सदाचार अभिवृद्धि गर्नुपर्ने कुरामा जोड दिइएको छ । यसैगरी, अदालतबाट विभिन्न विषयमा परेका सार्वजनिक सरोकारका रिट निवेदनमा भएका फैसला र आदेशबाट न्यायिक सुशासन र सदाचारको स्थापना एवं अभिबृद्धिमा थप योगदान पुगेको महसूस भएको छ ।

सदाचार प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रण कार्य राजनीतिक नेतृत्व/उच्च तहबाटै नभएसम्म बीच वा तल्लो तहका प्रयासले तात्विक असर पार्न नसक्ने कुरा विभिन्न सर्वेक्षणहरूले पनि देखाइसकेको छ । नयाँ गठबन्धन सरकारले कोभिड महामारी नियन्त्रण, भ्रष्टाचार नियन्त्रण, सुशासन र सार्वजनिक सेवा आदिलाई उचित प्राथमिकता दिने, अख्तियार दुरुपयोग अनुसन्धान आयोग र राष्ट्रिय सतकर्ता केन्द्रलाई सशक्त बनाउने, मन्त्रीपरिषद्को सदस्यको आचारसंहिता लागू गर्ने तथा कोभिडसम्बन्धी सामग्री खरिदमा अनुसन्धान गर्नेजस्ता विषय उल्लेख गरेर न्यूनतम साझा कार्यक्रम सार्वजनिक गरेको सन्दर्भमा यस संस्थाद्वारा आफ्नो २६औं स्थापना दिवसको अवसरमा सरकारसँग भ्रष्टाचार नियन्त्रणसँगै कोरोना महामारी नियन्त्रणमा सर्वपक्षीय प्राथमिकता जुटाउन आग्रह गरिएको छ । यसकासाथै, आउँदो निर्वाचनको माध्यमबाट स्वच्छ र भ्रष्टाचार विरोधी संसद् र सरकार निर्माण गर्ने अभियानमा सबै एकजुट हुन जरुरी छ ।

## २. संस्थाका गतिविधि

### २.१ २५औं वार्षिक साधारण सभाको निर्णय र कार्यदेश

ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपालको २५औं वार्षिक साधारण सभा कोभिड-१९ महामारीको विषम परिस्थितिका कारण २०७७ पुस २० गते काठमाडौंमा निम्न निर्णय गर्दै सम्पन्न भएको छ :

- संस्थाले सम्पन्न गरेका विभिन्न क्रियाकलापहरू विस्तृतरुपमा उल्लेख गरी अग्रिमरुपमा सदस्यहरूलाई उपलब्ध गराइएको ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपालको वार्षिक प्रगति प्रतिवेदन २०७६/०७७ संस्थाका महासचिव मुकुन्द बहादुर प्रधानद्वारा प्रस्तुत गरी, छलफल भएपश्चात् सर्वसम्मतिले स्वीकृत गर्ने ।

- संस्थाको आम्दानी र खर्चको विस्तृत विवरण उल्लेख गरी अग्रिमरुपमा सभासदस्यहरूलाई उपलब्ध गराइएको ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपालको आर्थिक वर्ष २०७६/०७७ को लेखापरीक्षण प्रतिवेदन संस्थाका कोषाध्यक्ष किरण थापाद्वारा प्रस्तुत गरी छलफल भएपश्चात् सर्वसम्मतिले स्वीकृत गर्ने ।
- आर्थिक वर्ष २०७७/०७८ का लागि लेखापरीक्षक पि.एम.एस. एण्ड एशोसिएट्सलाई पुनः नियुक्ति दिने । लेखापरीक्षकको पारिश्रमक अघिल्लो वर्षको पारिश्रमिक रकममा नबढ्ने गरी तय गर्न कार्यसमितिलाई अधिकार प्रदान गर्ने ।
- अध्यक्ष पदमा पद्मिनी प्रधानाङ्ग र कार्यसमिति सदस्यमा किरण थापा, सागरराज शर्मा, मुकुन्द बहादुर प्रधान, बुद्धि नारायण श्रेष्ठ, आर्या श्रेष्ठ, कृष्ण ज्ञवाली, मदनकृष्ण शर्मा र राष्ट्रिय व्यावसायिक पहललाई निर्वाचित गर्ने ।

## २.२ कार्यसमितिका निर्णय र पहलकदमी

२५औं र २६औं साधारण सभाबीच ४ पटक कार्यसमितिको बैठक र ४ पटक व्यवस्थापन उपसमितिको बैठक सम्पन्न भएको छ । बैठकहरुद्वारा गरिएका केही मुख्य निर्णय निम्नबमोजिम रहेका छन् :

- २५औं साधारण सभाको माइन्यूट केही संशोधनसहित पारित गर्ने ।
- Transparency International का लागि यस संस्थाको Official Chapter Representative (OCR) तोक्नुपर्नेमा प्रचलनबमोजिम अध्यक्ष पद्मिनी प्रधानाङ्गलाई OCR मनोनीत गर्ने ।
- पदाधिकारी मनोनयनसम्बन्धी संस्थाको विधानको दफा ३० को व्यवस्थाबमोजिम अध्यक्षद्वारा कार्यसमिति सदस्यहरूमध्ये श्री बुद्धि नारायण श्रेष्ठलाई उपाध्यक्ष पदमा मनोनयन गर्ने, श्री मुकुन्द बहादुर प्रधानलाई महासचिव र श्री किरण थापालाई कोषाध्यक्ष पदमा पुनः मनोनयन गर्ने निर्णय गरेको जानकारी दिएपश्चात् सो समितिद्वारा आफ्नो जानकारीमा लिने ।
- अध्यक्षद्वारा संस्थाको प्रवक्तामा महासचिव श्री मुकुन्द बहादुर प्रधान र सह-प्रवक्तामा सदस्य श्री कृष्ण ज्ञवालीलाई प्रस्ताव गरिएकोमा सो अनुमोदन गरियो । अन्तर्वार्तामा संस्थाको आधिकारीक धारणामात्र सम्प्रेषण गर्ने र व्यक्तिगत धारणा भए सो स्पष्ट पार्ने निर्णय गरियो । महत्वपूर्ण नीतिगत पत्राचार वा प्रेश वक्तव्य संस्थाको व्यवस्थापन उपसमिति सदस्यबीच छलफल गरेर मात्र जारी गर्ने ।
- माइन्यूटको प्रमाणीकरण सम्बन्धमा साधारण सभाको निर्णय (माइन्यूट) अध्यक्षद्वारा, कार्यसमितिको निर्णय (माइन्यूट) अध्यक्षद्वारा र व्यवस्थापन उपसमितको निर्णय (माइन्यूट) महासचिव वा कार्यकारी निर्देशकद्वारा प्रमाणित गर्ने ।
- संस्थाको पेफा सचिवालय सदस्यता कायम राख्दै बैठकको प्रतिनिधित्व अध्यक्ष वा अध्यक्षद्वारा तोकिएको पदाधिकारीले गर्ने ।
- Transparency International द्वारा यही जनवरी २८ मा जारी हुने Corruption Perception Index (CPI) 2020 सार्वजनिक गर्न पत्रकार भेटघाट आयोजना गर्ने ।
- हाल चालु रहेका संस्थाका ४ परियोजनामध्ये ३ परियोजना यस कार्यसमितिको पदावधिभित्रै अन्त्य हुने देखिएकाले विभिन्न दाताहरूसँग स्रोत र परियोजनाको सम्भावनाका लागि छलफल गर्न संस्थाको रणनीतिक योजना २०१८-२०२२ को सान्दर्भिक विषयहरूलाई व्यवस्थापन उपसमितिले प्राथमिकीकरण गर्ने । चालु परियोजनाहरूको 'No Cost Extension' का लागि कार्यकारी निर्देशकले दाताहरूसँग छलफल अघि बढाउने ।
- महासचिव मुकुन्द बहादुर प्रधान संयोजक रहने र कार्यसमिति सदस्य सुरेन्द्र वीर मालाकार तथा आर्या श्रेष्ठ सदस्य रहने एक सदस्यता उपसमिति गठन गर्ने । उपसमितिले संस्थाको अभियानमा योगदान पुर्‍याउन सक्ने, संस्थाको आचारसंहिता अनुकूल व्यक्तिहरूको नाम कार्यसमितिमा साउनसम्म प्रस्ताव गर्ने ।
- IPERR परियोजना सञ्चालन गर्नका लागि जिल्ला अधिकृतहरूको हस्ताक्षरबाट जिल्ला कार्यालयका बैंक खाताहरू सञ्चालनमा रहेकोमा परियोजना चैत ३० गते समाप्त हुने भएकाले ती खाताहरू चैत ३१ गतेबाट बन्द गर्न सम्बन्धित बैंकहरूलाई पत्राचार गर्ने ।
- वि.सं. २०७८ को क्यालेन्डर प्रकाशनका लागि २०७७ सालमा सम्पन्न संस्थाको भ्रष्टाचार विरोधी चित्रकला प्रदर्शनमा राखिएका चित्रहरू प्रयोग गरी प्रकाशन गरी विभिन्न सरोकारवालालाई वितरण गर्ने ।
- संस्थाको रणनीतिक योजनामा आधारित रहँदै आगामी दुई वर्षमा नवनिर्वाचित कार्यसमितिको प्राथमिकता के हुनसक्ने भन्ने विषयमा कार्यकारी निर्देशकद्वारा तयार गरिएको दस्तावेज अध्ययन गरी सुझाव प्रदान गरेपश्चात् सोलाई अन्तिम रुप दिने ।
- संस्थासँग विगतमा आवद्ध रहँदैआएका काठमाडौं बाहिरका संस्थाहरूको आवद्धता अघिल्लो कार्यसमितिको कार्यकालमा समाप्त भएको सन्दर्भमा आवद्धता जारी राख्ने इच्छापत्र र संस्था नवीकरण दस्तावेज पठाउने १३ संस्थाहरूलाई संस्थाको आवद्ध संस्थाको हैसियत प्रदान गर्ने ।

- संस्थापक सदस्य, पूर्वमहासचिव, पूर्वकोषाध्यक्ष श्री कोमलबहादुर चित्रकार र सदस्य श्री विनोद विष्टको असमायिक निधनमा समवेदना सन्देश जारी गर्ने ।
- संस्थाका अध्यक्षलाई महालेखा-परीक्षकको सल्लाहकार समूहको सदस्यमा मनोनीत गरिएको पत्र प्राप्त भएको सो सदस्यता अनुमोदन गर्ने ।
- UNCAC सम्बन्धी अध्ययन गर्न UNCAC Coalition को सहयोगमा युरो ३००० को एक परियोजना सुरु गर्न सम्बद्ध निकायहरूबाट सहमतिको प्रक्रिया अघि बढाउने ।
- निषेधाज्ञाका समय कर्मचारी र परामर्शदाताहरूलाई 'Work from Home' को प्रावधान आकर्षित गराउने ।
- संस्थाको २६औं स्थापना दिवसका अवसरमा भ्रष्टाचार सम्बन्धित विषयमा विज्ञद्वारा कार्यपत्र प्रस्तुति वा संस्थाको धारणा जारी गर्दै अवस्थाअनुकूल एक कार्यक्रम आयोजना गर्ने ।
- जिल्ला प्रशासन कार्यालयद्वारा जारी गरिएको निषेधाज्ञामा सभा-सम्मेलन गर्न नपाइने उल्लेख भएकाले संस्थाको २६औं वार्षिक साधारण सभा भर्चुअल माध्यमद्वारा २०७८ असोज ४ गते आयोजना गर्ने ।
- कर्मचारी (आशिष थापा, विनोद भट्टराई) र परियोजना परामर्शदाता (बबिता शर्मा, प्रकृतीश्री अधिकारी, शारदा नेपाली, शिशोर द्योला, श्याम महर्जन, उत्तम राउत, महिमा साह, श्याम लाल साही) को करारनामाहरू June-Dec. 2021 सम्मका लागि नवीकरण गर्ने ।
- आईपीईआरआर परियोजनाअन्तर्गत २०२०-२१ को पाँचवर्षे प्रगति प्रतिवेदन र एक्सपेन्डीचर भेरिफिकेशन (अडिट) प्रतिवेदन स्वीकृत गर्ने ।
- संस्थाको वार्षिक प्रगति प्रतिवेदन २०७७/०७८ र लेखा-परीक्षणको प्रतिवेदन २०७७/०७८ स्वीकृत गर्ने । प्रतिवेदन २६औं साधारण सभामा प्रस्तुत गर्ने ।

### २.३ प्रेश वक्तव्यमार्फत वकालत

यस संस्थाले विगत वर्षहरूमा जस्तै भ्रष्टाचार विरुद्ध र सदाचारका पक्षमा निरन्तर पैरवी र वकालत गरेको छ। कार्यसमितिद्वारा भ्रष्टाचार निवारण र सदाचार प्रवर्द्धनमा प्रेस वक्तव्यमार्फत निम्न विषय उठाइ सुधारका लागि ध्यानाकर्षण गराइएको छ ।

**भ्रष्टाचार नियन्त्रण गरियोस्**

Corruption Perception Index (CPI) 2020 भ्रष्टाचार अवधारणा सूचकाङ्कलाई नेपालमा सार्वजनिक गरिएको छ। सीपीआई २०२० मा नेपाल ३३ अंक प्राप्त गरी ११७ औं स्थानमा रहेको छ। विभिन्न ६ संस्थाका सर्वेक्षणले सरकारको भ्रष्टाचार विरोधी प्रयास पर्याप्त नहुनु, सार्वजनिक क्षेत्रमा भ्रष्टाचार र अधिकारको दुरुपयोग रहनु, सार्वजनिक पदाधिकारीमाथि कारबाहीमा कमी हुनु, व्यापार-व्यवसायमा घुसखोरी कायम रहनु, सूचनामा नागरिकको पहुँचमा कमी हुनुजस्ता समस्या कायमै रहेको सन्देश दिइएको छ। भ्रष्टाचार नियन्त्रण गर्न नियमनकारी निकायहरूको सशक्तिकरण, खुल्ला तथा पारदर्शी ठेक्का प्रक्रिया, लोकतन्त्रको रक्षा, नागरिक संस्थाको स्वतन्त्रता, तथ्यांक सम्प्रेषण र सूचनामा पहुँचजस्ता विषय ध्यान दिन सुझाव दिइएको छ।

**सार्वजनिक खरिद प्रक्रियामा खुला करारलाई प्रश्रय दिइयोस्**

स्वास्थ्य क्षेत्रको सार्वजनिक खरिद प्रक्रियामा खुला करारलाई प्रश्रय दिन, सार्वजनिक खर्चमा जिम्मेवारीपन र पारदर्शिता प्रवर्द्धन गर्न स्वास्थ्य क्षेत्रमा खुला करारका लागि अपील गरिएको छ। संस्थाद्वारा स्वास्थ्य क्षेत्रसँग सम्बन्धित दुई अनुसन्धान प्रतिवेदन : Market Assessment of Health Care Services, Quality and Price of Medicines and Kits तथा Mapping Service Delivery in Health–Care मार्फत खुला करारको अभ्यासमार्फत नेपालको स्वास्थ्य सेवामा सुधार बढाउनुपर्ने कुरा औंल्याइएको छ। त्यसैगरी, सार्वजनिक सेवाको गुणस्तरमा बृद्धि हुनुपर्ने, मूल्य र गुणस्तरको अनुगमन नियमित हुनुपर्ने, खरिद प्रक्रियाका तथ्यांकको पारदर्शितामा देखिएको कमीलाई सुधार्नुपर्नेजस्ता विषय प्रतिवेदनमा उठान गरिएको छ।

**लेखासमिति सदस्यसम्बन्धी निर्णय फिर्ता गरियोस्**

सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टी (एमाले) संसदीय दलको सिफारिसमा, सेक्युरिटी प्रेस खरिद प्रकरणमा आरोपित तत्कालीन सञ्चार तथा सूचना प्रविधि मन्त्री तथा प्रतिनिधि सभा सदस्य गोकुल बाँस्कोटालाई प्रतिनिधि सभा सार्वजनिक लेखासमितिको सदस्य तोकिएको विषयमा ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपालको ध्यानाकर्षण भएको छ। सेक्युरिटी प्रेस खरिद प्रकरणमा मन्त्रीको हैसियतमा बाँस्कोटाले ७० करोड रुपैयाँ घूस मागेको 'अडियो टेप'सम्बन्धी प्रकरणको छिनोफानो भइनसकेकोले त्यो निर्णय तत्काल फिर्ता लिन माग गरिएको छ।

**कोभिड-१९ को खोप यथाशिघ्र उपलब्ध होस्**

कोभिड-१९ को महामारीले विश्व नै आक्रान्त भइरहेको बेला महामारीको दोस्रो चरणमा अप्रत्याशितरुपले नेपालमा दैनिक हजारौँ संक्रमितहरू थपिँदै गएको, दैनिक मृत्यु संख्या पनि निरन्तर बढेको, राजधानीलगायतका अस्पतालहरूमा शैयाको चरम अभाव रहेको, अक्सिजन आपूर्तिमा अभाव भएको, आवश्यक औषधि र सामग्रीहरूको पनि अभाव भएको र उचित उपचारको अभावमा संक्रमितहरूले अकाल मृत्युवरणसमेत गर्नु परिरहेको अवस्थामा महामारी नियन्त्रणमा प्रभावकारी हुने खोप सम्पूर्ण नागरिकलाई यथाशिघ्र निःशुल्क उपलब्ध गराउन माग गरिएको छ ।

**ढुङ्गा, गिट्टी, बालुवाको निकासी गर्ने निर्णय फिर्ता लिइयोस्**

टीआई नेपालले नेपाल सरकार चुरे क्षेत्रको संरक्षण र सम्बर्द्धन गर्न प्रतिवद्ध रहेको र खानी तथा भूगर्भ विभागले पहिचान गरेका र वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनबमोजिम चुरे/भावर/शिवालिक र नदी प्रणालीबाहेकका उपयुक्त क्षेत्रमा खानी उत्खनन् गर्ने नीतिगत दृष्टिकोण रहेको र चुरे क्षेत्रमा ढुङ्गा, गिट्टी, बालुवालगायत निर्माण सामग्रीका दोहन हुन नदिने प्रस्तुत नीतिको मूल मर्म हो भन्ने उल्लेख भएकोले वातावरण र जैविक विविधतामा ठूलो असर नपारी उत्खनन् हुने क्षेत्रबाट कति परिमाणमा ढुङ्गा, गिट्टी, बालुवा निकाल्न सकिन्छ र यसरी उत्खनन् हुने परिमाणमध्ये नेपालको आन्तरिक विकास निर्माणको लागि कति आवश्यक पर्ने हो भन्ने कुराका विस्तृत पारदर्शी दीर्घकालिन अध्ययन नगरी ढुङ्गा, गिट्टी, बालुवाको निकासी गर्ने निर्णय फिर्ता लिन माग गरिएको छ ।

**भ्रष्टाचार नियन्त्रणमा सरकारको प्राथमिकता बढोस्**

सर्वोच्च अदालतले तत्कालिन प्रधानमन्त्री केपी ओलीको असंवैधानिक कदम अन्त गर्दै संसद् पुनःस्थापना गरी प्रधानमन्त्री शेरबहादुर देउवाको नेतृत्वमा सरकार गठन गर्ने परमादेश जारी गरेपछि देशमा नयाँ गठबन्धनको सरकार न्यूनतम साझा कार्यक्रम सहित निर्माण भएको छ । न्यूनतम साझा कार्यक्रममा कोभिड महामारी नियन्त्रण, भ्रष्टाचार नियन्त्रण, सुशासन र सार्वजनिक सेवा आदिलाई उचित प्राथमिकता दिने, अख्तियार दुरुपयोग अनुसन्धान आयोग र राष्ट्रिय सतकर्ता केन्द्रलाई सशक्त बनाउने, मन्त्रीपरिषद्को सदस्यको आचारसंहिता लागू गर्ने तथा कोभिडसम्बन्धी सामाग्री खरिदमा अनुसन्धान गर्नेजस्ता विषय उल्लेख गरिएकोमा सोको यस संस्थाद्वारा स्वागत गरिएको छ । यसै सन्दर्भमा संस्थाद्धारा नयाँ सरकारसँग भ्रष्टाचार नियन्त्रणसँगै कोरोना महामारी नियन्त्रणमा सर्वपक्षीय प्राथमिकता जुटाउन सरकारलाई आग्रह गरिएको छ ।

## २.४ परियोजना गतिविधि

गतवर्षकै निरन्तरताका रुपमा यो वर्ष पनि संस्थाका निम्न ४ परियोजना सञ्चालनमा रहेका थिए ।

**पुनर्निर्माण र पुनःस्थापनामा सदाचार (आईपीईआरआर)**

भूकम्पपछिको पुनःस्थापना र पुनर्निर्माणको काममा सदाचार प्रवर्द्धन गर्ने उद्देश्यकासाथ इयूको सहयोगमा १४ अति प्रभावित जिल्लाहरूमा सम्पर्क कार्यालयहरूमार्फत पुनर्निर्माण तथा पुनःस्थापना कार्यअन्तर्गत नीतिगत, कार्यगत र व्यवहारगत सदाचारका लागि सहकार्य गर्न यो परियोजना विगत ५ वर्षदेखि सञ्चालनमा रहेको छ र उक्त परियोजनाको अवधि यही २०७७ चैतमा समापन भएको छ ।

**स्वास्थ्य क्षेत्रमा खुला करारका लागि पहल (ओसीफोरएच)**

स्वास्थ्य तथा खरिद सम्बद्ध सरकारी निकाय, निजी क्षेत्र, नागरिक समाज र सरोकारवालाको संलग्नतामा नेपालमा स्वास्थ्य क्षेत्रमा खुला करारको प्रवर्द्धन गर्न यो परियोजना टीआई यूकेको सहयोगमा विगत ३ वर्षदेखि सञ्चालनमा रहेकोमा यही २०७८ असारमा समापन भएको छ ।

**जलवायु परिवर्तनसँग सम्बन्धित कार्यमा सुशासन र सदाचार (सीजीआई)**

केन्द्रीय/प्रादेशिक/स्थानीय सरकार, नागरिक समाज तथा सम्बन्धित सरोकारवालाहरूको संलग्नतामा जलवायु परिवर्तनको क्षेत्रमा सुशासन कायम गर्न र वित्तीय पारदर्शिता अभिवृद्धि गर्न टीआईको सहयोगमा यो परियोजना विगत २ वर्षदेखि सञ्चालन भइरहेको छ । यो परियोजना अगामी २०७८ पुस महिनासम्म सञ्चालन हुनेछ ।

**सामाजिक जवाफदेहिता र सदाचारका लागि सहकार्य (टीसाई)**

गतवर्ष टीआईको सहयोगमा सार्वजनिक क्षेत्रमा जवाफदेहिता, सुशासन र सदाचार अभिवृद्धि गर्न सरकार, नागरिक समाज र निजी क्षेत्रसँग सहकार्य गर्न यो बहुआयामिक परियोजना सञ्चालनमा ल्याइएको छ । कार्यक्रम आगामी २ वर्षसम्म सञ्चालन हुनेछ ।

कोभिड-१९ का कारण सरकारद्वारा जारी लकडाउन, निषेधाज्ञा र सभा-सम्मेलन तथा आवत-जावतमा गरिएको रोकले गर्दा परियोजनाअन्तर्गत तय गरिएका गतिविधि यस वर्ष पनि तुलनात्मकरुपमा कमै सम्पन्न हुन सकेका छन् । माथि उल्लेख भएका चारवटा परियोजनाअन्तर्गत सम्पन्न भएका विविध गतिविधिहरू मुख्यरुपमा निम्न प्रकृतिका छन् :

**सभा सम्मेलन, छलफल, तालिम**

कोभिड-१९ को महामारी जारी रहेको भए पनि सरकारले जारी गरेको मापदण्ड पालना गरेर यस वर्ष पनि सदाचार अभिवृद्धि र सामाजिक जवाफदेहिता, पुनर्निर्माण, खुला करार र जलवायु परिवर्तन विषयसँग केन्द्रित रही संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकारकासाथै उद्योगी-व्यवसायी, पत्रकार, गैर-सरकारी संस्था, विद्यार्थी, स्वयंसेवी, प्राविधिक, बैंक, पीडित, सेवाग्राही, सिमान्तकृत समुदाय तथा सम्बन्धित सरोकारवाला आदिसँग जिल्लाहरूमा छलफल तथा भेटघाटकासाथै अन्तरक्रिया, सभा/सम्मेलन र अभिमुखीकरण आयोजना गरिएको छ ।

**अध्ययन अनुसन्धान**

यस वर्ष स्वास्थ्य क्षेत्रसँग सम्बन्धित २ वटा अध्ययनहरू सम्पन्न भएका छन् । Market Assessment of Health Care Services, Quality and Price of Medicines and Kits तथा Mapping Service Delivery in Health–Care अध्ययन प्रतिवेदन सार्वजनिक भएका छन् । ट्रान्सपरेन्सी इन्टरनेशनलद्वारा जारी गरिएको 'Corruption Perception Index 2020' नेपालमा सार्वजनिक गरिएको छ। सरकारी कार्यालयमा सामाजिक जवाफदेहिताका औजारको प्रयोग, स्वास्थ्य क्षेत्र सम्बन्धित प्रकाशित हुने खरिद सूचनाहरूको मापन गरी तथ्यांक विश्लेषण प्रस्तुति सुरु गरिएको छ ।

**सन्देश सम्प्रेषण**

संस्थाले उपत्यकामा रेडियो नेपाल, रेडियो सगरमाथा, उज्यालो एफएम, जनसञ्चार एफएमकासाथै काठमाडौं बाहिरका ११ रेडियो स्टेशनबाट रेडियो कार्यक्रमहरू र जनहितमा जारी छोटो सन्देश प्रचार-प्रसार गरिएको छ । यस्ता सन्देश स्वास्थ्य सेवाप्रवाहमा सबैको पहुँच, पारदर्शी खरिद, पुनर्निर्माणमा सदाचार, जवाफदेहिता अभिवृद्धि र जलवायु परिवर्तन नियन्त्रणसम्बन्धी रहेका छन् । यस्तै, प्रकारका सन्देश काठमाडौं उपत्यकामा राष्ट्रिय दैनिकमा र अन्य ११ जिल्लामा दैनिक पत्रिकाहरूमा पनि प्रकाशन गरिएको छ। पुनर्निर्माणका विषयमा रेडियो, अनलाइन र पत्रिकामा आवद्ध पत्रकारहरूसँग समय-समयमा अन्तरक्रिया गरी फेलोशिप र सफलताको कथालेखन गराइएको छ। खुला करार, जलवायु परिवर्तन र पुनर्निर्माणका विषय डकुमेन्ट्रीहरू तयार गरी केहीको टिभी माध्यमबाट प्रचार-प्रसार पनि गरिएको छ। ५ वर्षसम्म भएको पुनर्निर्माण कार्यका मुख्य विषयलाई समेटेर एक भिडियो डकुमेन्ट्री निर्माण गरिएको छ ।

**गुनासो संकलन, सार्वजनिक सुनुवाइ**

भ्रष्टाचार, अनियमिता, सेवाप्रवाह, ढिलासुस्तीजस्ता समस्याबारे नागरिकको धारणा बुझ्न सरोकारवाला संघीय वा स्थानीय सरकारका कार्यालयहरूसँग समन्वय गरी सहायता कक्ष, गुनासो संकलन र सार्वजनिक सुनुवाइ १६ जिल्लामा सम्पन्न भएका छन् । कार्यक्रमहरूमा संकलित गुनासो मूलतः पुनर्निर्माण र जलवायु परिवर्तनसँग सम्बन्धित रहेका छन् । प्राप्त गुनासो सम्बन्धित सरकारी कार्यालयहरूसँग समन्वय गरी सहजीकरण गरी पीडितलाई मद्दत गरिएको छ ।

**अवलोकन, अनुगमन, मापन**

महामारी फैलिएका बेला काठमाडौं उपत्यकालगायत देशैभरि औषधिलगायत खाद्य सामग्रीमा भएको अस्वभाविक मूल्य बृद्धि रोक्न अनुरोध गरेर उपत्यकाका तिनै जिल्लाका सीडीओलाई पत्र पठाई त्यसको जानकारी नेपाल सरकार बाणिज्य विभाग, उपत्यकाका तिनै जिल्लाका महानगर, उपमहानगर, नगर र गाउँपालिकाहरूलाई जानकारी दिइएको छ। प्रदेशस्तरमा स्वास्थ्य कार्यालयहरूको खरिद नीतिको विषयमा छलफल गरिएको छ। सरकारीस्तरका निर्माण संरचना, तिनका योजना तथा बजेटको कार्यान्वयनको स्थिति बुझ्न पुनर्निर्माण भइरहेका विद्यालय, निजी आवास, स्वास्थ्यचौकी, पुरातात्विक संरचना, सडक, खानेपानी, सरकारी भवनको प्राविधिक अवलोकन र तथ्य टिपोटकासाथ सुधार गर्नुपर्ने पक्षबारे सम्बन्धित पक्षलाई धारणा प्रदान गरिएको छ। जलवायु परिवर्तनका असरबारे प्रभावित केही क्षेत्रको नमूना अवलोकन गरी परेको असरबारे समुदायहरूको धारणा संकलन गरिएको छ। स्थानीय सरकारको सहयोगमा १४ जिल्लामा निर्माण सामाग्रीको बजारमूल्य र गुणस्तर निरीक्षण सम्पन्न भएको छ ।

**विद्यार्थी तथा स्वयंसेवी अभिमुखीकरण**

विद्यार्थी तथा युवावर्गको भ्रष्टाचार विरोधी अभियानमा रहने भावी योगदानलाई मध्यनजर गर्दै १४ जिल्लाका केही विद्यालयहरूमा सदाचार शिक्षा र विपद् व्यवस्थापन केन्द्रित अभिमुखीकरण गरिएको छ। त्यस्ता विद्यार्थीलाई संस्थाको

कार्यमा स्वयंसेवीको रुपमा संलग्न गराई कार्यगत पक्षको पनि थप ज्ञान दिइएको छ। यस्तै, स्वास्थ्य सेवा, जलवायु परिवर्तन, पुनर्निर्माण, सामाजिक जवाफदेहिता र भ्रष्टाचार नियन्त्रणमा केन्द्रित काठमाडौंका क्याम्पसस्तरका विद्यार्थीहरूबीच एक चित्रकला कार्यक्रम आयोजना गरी उक्त चित्रहरू ललितकला एकेडेमीको सभाकक्षमा सार्वजनिक प्रदर्शनीमा राखिएका छन्।

**राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवस कार्यक्रम**

अन्तर्राष्ट्रिय भ्रष्टाचार विरुद्धको दिवस (डिसेम्बर ९), विश्व वातावरण दिवस (जुन ५), स्वास्थ्य दिवस (अप्रिल ७), भूकम्प सुरक्षा दिवस (माघ २), भूकम्प स्मृति दिवस (वैशाख १२) जस्ता अवसरमा सार्वजनिक स्थलमा ऱ्याली, गुनासो तथा सुझाव संकलन, पर्चा वितरण, सरकारी कार्यक्रममा सहभागिता, सम्बन्धित निकायहरूसँगको अन्तरक्रिया, जनधारणा मापनजस्ता कार्यहरू सम्पन्न गरी भ्रष्टाचार विरुद्ध ऐक्यवद्धता जनाउने कार्यहरू गरिएको छ।

**प्रचार-प्रसार सामाग्री वितरण**

संस्थाको ४ वटा परियोजनाका गतिविधि सहयोगी प्रचार सामाग्रीहरू– ब्रोसर, पम्प्लेट, पर्चा, होडिङ बोर्ड, सूचना बोर्ड, बुलेटिन, वेभसाइट, एलईडी बोर्ड, फ्लेक्स प्रिन्ट, डट्पेन, खुल्ला करार हातेपुस्तिका आदि छपाई गरी परियोजना गतिविधिहरूमा उपस्थितबीच वितरण गरिएको छ। यसबाट संस्थाको कार्यक्रमहरूको जानकारी सरोकारवालाहरूसम्म पुऱ्याउन सहयोग पुऱ्याइएको छ।

**पिछडिएका वर्ग, महिला भेटघाट**

सरकारको नियमित सेवाप्रवाहबाट बाहिर रहने तथा सभा-सम्मेलनमा प्रायशः संलग्न नहुने पिछडिएका वर्ग, महिला, न्यून आय भएका र बृद्धहरूसँग सरकारी सेवाप्रवाहमा केन्द्रित रहँदै पुनर्निर्माणका समस्या संकलन गर्न १४ जिल्लामा भेटघाट गरिएको छ। प्राप्त समस्या राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा प्रस्तुत गरिएको छ। यस्तै, प्रकारको महिलाहरूसँग र अपाङ्गता भएका समूहहरूसँग पनि छलफल कार्यक्रमहरू सम्पन्न गरिएको छ। कार्यक्रममा उठेका कतिपय विषयवस्तुहरू सम्बन्धित नियमन निकायमा समाधानका लागि ध्यानाकर्षण गराइएको छ।

**सदाचार प्रतिवद्धता मापन**

टीआई नेपाल र स्थानीय सरकार नगरपालिका तथा गाउँपालिकासँग पुनर्निर्माण, विपद् व्यवस्थापन, कोभिड-१९ सम्बन्धमा गरिएको सदाचार प्रतिवद्धता कार्यान्वयनका सम्बन्धमा सम्बन्धित सरोकारवालाबीच अन्तरक्रिया सम्पन्न गरियो। सो अन्तरक्रियामा प्रतिवद्धताहरूको कार्यान्वयन पक्षबारे गहन छलफल गरियो। प्रतिवद्धता भ्रष्टाचार न्यूनीकरण, चुस्त सेवाप्रवाह र पारदर्शिता प्रवर्द्धन, विपद् व्यवस्थापन, कोभिड-१९ केन्द्रित रहेको छ। प्रतिवद्धता आम-नागरिकहरूलाई जानकारी दिने उद्देश्यले होर्डिङ बोर्डमार्फत सार्वजनिक गर्ने कार्य सुरु गरिएको छ।

**जिल्ला कार्यालयहरू बन्द, सामान हस्तान्तरण**

आईपीईआरआर परियोजना समापनपूर्व ११ जिल्लास्थित सम्पर्क कार्यालयहरू बन्द गरियो। कार्यालयमा प्रयोग भइरहेका सम्पूर्ण भौतिक सामग्रीहरू युरोपियन युनियनको सहमतिमा स्थानीय सरकारी कार्यालय, विद्यालय, महिला समूहलाई हस्तान्तरण गरिएको छ। जिल्ला कार्यालयहरू बन्द गर्नुअघि सबै जिल्लामा एक समापन कार्यक्रम राखी सम्बन्धित सरोकारवालाहरूलाई सहयोगका लागि धन्यवाद ज्ञापन गर्नुकासाथै सम्पर्क कार्यालयहरू बन्द गरिएको जानकारी गराइएको थियो। संस्थाद्वारा सम्पन्न परियोजना गतिविधिका विवरण तथा तथ्यांक अनुसूचीमा रहेको छ।

परियोजनासम्बन्धी माथि उल्लेख गरिएका गतिविधिहरु करिब ६८५ वटा आर्थिक वर्ष २०७७/०७८ मा सञ्चालन भएका छन्। जसको विवरण निम्नबमोजिम रहेका छन् :

**भूकम्पपछिको पुनर्निर्माण र पुनःस्थापनामा सदाचार** (**आईपीईआरआर**) (Integrity in Post Earthquake Reconstructon and Rehabilitation)

| क्र.सं. | जिल्लागत गतिविधि (साउन २०७७ - चैत २०७७) | संख्या |
|---|---|---|
| | सरकारको पुनर्निर्माण तथा पुनःस्थापनासम्बन्धी नीति कार्यान्वयनको लागि सघाउ पुऱ्याउन तथ्य तथा तथ्यांकको माध्यमद्वारा वकालत/पहल गर्ने | |
| १ | नीति र प्रगतिमा एनआरए र सरोकारवालाहरूसँग छलफल | ८ |
| २ | अध्ययन प्रतिवेदन सार्वजनिकीकरण | १४ |
| ३ | निर्वाचित जनप्रतिनिधिहरूसँग अन्तरक्रिया/छलफल | २७ |

| क्र.सं. | जिल्लागत गतिविधि (साउन २०७७ - चैत २०७७) | संख्या |
|---|---|---|
| | विद्यालय पुनर्निर्माण समयमा सम्पन्न गर्न सम्बन्धित निकायलाई सुझाव दिने | |
| ४ | विद्यालय अवलोकन तथा छलफल | ९ |
| ५ | विद्यालयहरूसँग संयुक्तरुपमा छलफल | १३ |
| | पुनर्निर्माणसम्बन्धी सामग्री खरिद/बिक्री जवाफदेही बनाउन स्थानीय/सरकारी/निजी क्षेत्रलाई विधि प्रक्रियाबारे सुझाव दिने | |
| ६ | विपद् व्यवस्थापनमा सदाचार प्रतिवद्धता | ७ |
| ७ | सदाचार प्रतिवद्धता कार्यान्वयन समितिको बैठक | ८ |
| ८ | सदाचार प्रतिवद्धताको प्रभावको बारेमा सरोकारवालाहरूसँग अन्तरक्रिया/संवाद/छलफल | ४ |
| ९ | बजार अवलोकन | ११ |
| | पुनर्निर्माण प्रक्रियामा सामाजिक जवाफदेहिता बढाउन नागरिक समाजलाई संलग्न गराउने | |
| १० | सामाजिक जवाफदेहिताका औजारहरूको प्रयोगसम्बन्धी नागरिक संस्थासँग अन्तरक्रिया तथा छलफल | १४ |
| ११ | सामाजिक जवाफदेहिताका औजारहरूको प्रयोगसम्बन्धी सरकारी निकायसँग अन्तरक्रिया तथा छलफल | ९ |
| | पुनर्निर्माणको कार्यसम्बन्धी जानकारी/सूचनाप्रवाह गर्न सञ्चारमाध्यमलाई परिचालन गर्ने | |
| १२ | एफएम रेडियोमार्फत सचेतना प्रसारण | ११ |
| १३ | पत्रपत्रिकामार्फत सचेतना प्रकाशन | १२ |
| १४ | पत्रकारहरूसँग भेटघाट/अन्तरक्रिया | १४ |
| १५ | सफलताका कथालेखन | १४ |
| १६ | पत्रकारलाई फेलोसिप | १४ |
| १७ | इभेन्ट न्यूज क्लिपिङ | १४ |
| १८ | मिडिया म्यापिङ | १४ |
| १९ | पर्चा, नोटबुक, पेन, भित्तेपात्रो वितरण | १४ |
| २० | सार्वजनिक स्थान/कार्यालयमा होर्डिङ बोर्ड | ४७ |
| | पुनर्निर्माणसम्बन्धी आर्थिक/वित्तीय जानकारी पारदर्शी र पहुँचयोग्य बनाउन प्रयास गर्ने | |
| २१ | वित्तीय प्रतिवेदन संकलन | १४ |
| | व्यावसायिक क्षेत्र र गैर-सरकारी संस्थाहरूले गरेका काम र प्रयासलाई प्रभावकारी र पारदर्शी बनाउन अन्तरक्रिया गर्ने | |
| २२ | उद्योगी/व्यवसायी/बैंकसँग अन्तरक्रिया तथा छलफल | ६ |
| २३ | गैर-सरकारी संस्थाहरूसँग अन्तरक्रिया तथा छलफल | ४ |
| | पुनर्निर्माणसम्बन्धी सेवाप्रवाहको कार्यमा महिला एवं युवा वर्गहरूको संलग्नता बढाउने | |
| २४ | सहायता कक्ष | ३७ |
| २५ | स्वयंसेवकहरूसँग अन्तरक्रिया/अभिमुखीकरण | १७ |
| २६ | उत्कृष्ट स्वयंसेवकलाई पुरस्कार | ४ |
| | पुनर्निर्माण हुँदै गरेका/सम्पन्न भएका भौतिक संरचनाको गुणस्तर/मापदण्ड कायम भएको/नभएको मूल्यांकन गर्ने | |
| २७ | सरकारी कार्यालय, सम्पदा क्षेत्र, निजी आवास, स्वास्थ्य, खानेपानी पूर्वाधार, सडक अवलोकन | ५१ |
| | पुनर्निर्माण/पुनःस्थापनासम्बन्धी गुनासो संकलन गरिने र सम्बोधनको लागि प्रयास गर्ने | |
| २८ | मोबाइल एलाक (गुनासो संकलन) | २२ |
| २९ | सार्वजनिक सुनुवाइ | १० |
| | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | |
| ३० | वृद्ध, महिला, न्यून आय तथा पिछडिएका वर्गहरूसँग अन्तरक्रिया तथा छलफल | २४ |
| | अन्य गतिविधि | |
| ३१ | अन्तर्राष्ट्रिय भ्रष्टाचार विरुद्धको दिवस (डिसेम्बर ९) | १४ |

| क्र.सं. | जिल्लागत गतिविधि (साउन २०७७ - चैत २०७७) | संख्या |
|---|---|---|
| ३२ | भूकम्प सुरक्षा दिवस (माघ ०२) | १४ |
| ३३ | विपद्सम्बन्धी विषयमा रेडक्रस र सरोकारवालाहरूसँग छलफल/अन्तरक्रिया | ११ |
| ३४ | आईपीईआरआरको प्रभाव र दिगोपनाकासाथै पुनर्निर्माणसम्बन्धी कामको सिकाइको प्रतिवेदन तयारी | १२ |
| ३५ | पुनर्निर्माण प्रगतिसम्बन्धी जिल्लास्तरीय सरोकारवालाहरूसँग छलफलसहित आईपीईआरआर धन्यवाद ज्ञापन कार्यक्रम/पत्र | ११ |
| ३६ | अन्य गतिविधि | ३ |
| | **जम्मा गतिविधि** | **५३२** |

| क्र.सं. | केन्द्र गतिविधि (साउन २०७७ - चैत २०७७) | जम्मा |
|---|---|---|
| १ | नीति र प्रगतिमा एनआरए, निर्वाचित जनप्रतिनिधि र सरोकारवालाहरूसँग छलफल | १ |
| २ | एनआरए/सम्बन्धित निकायलाई पत्राचार | २ |
| ३ | प्रेश विज्ञप्ति | १ |
| ४ | अध्ययन तथा अनुसन्धान/प्रतिवेदन सार्वजनिकीकरण | १ |
| ५ | सूचना बोर्ड | १ |
| ६ | एफएम रेडियोमार्फत सचेतना प्रसारण | १ |
| ७ | पत्रपत्रिकामार्फत सचेतना/सूचनाप्रवाह | १ |
| ८ | पत्रकारहरूसँग भेटघाट/अन्तरक्रिया | १ |
| ९ | पत्रकारलाई फेलोसिप | १ |
| १० | पर्चा, नोटबुक, पेन, भित्तेपात्रो प्रकाशन/वितरण/प्रतिवेदन प्रकाशन | १ |
| ११ | स्वयंसेवकहरूसँग अन्तरक्रिया | १ |
| १२ | मोबाइल एलाक (गुनासो संकलन) | १ |
| १३ | सार्वजनिक सुनुवाइ | १ |
| १४ | वृद्ध, महिला, कम आम्दानी तथा पिछडिएका वर्गहरूसँग अन्तरक्रिया/भेटघाट/ छलफल | १ |
| १५ | अन्तर्राष्ट्रिय भ्रष्टाचार विरुद्धको दिवस (डिसेम्बर ०९) | १ |
| १६ | भूकम्प सुरक्षा दिवस (माघ ०२) | १ |
| १७ | जिल्लाका पत्रकारहरूसँग अन्तरक्रिया/संवाद/छलफल | १ |
| १८ | चित्रकला प्रतियोगिता तथा चित्रकला प्रदर्शनी | १ |
| १९ | जनचेतनामूलक सामग्री प्रकाशन तथा वितरण (भिडियो/डकुमेन्ट्री) | १ |
| २० | पुनर्निर्माण प्रगतिसम्बन्धी सरोकारवालाहरूसँग छलफलसहित आईपीईआरआर धन्यवाद ज्ञापन कार्यक्रम | १ |
| २१ | समीक्षा बैठक | ४ |
| | **जम्मा गतिविधि** | **२५** |

### नेपालको स्वास्थ्य क्षेत्रमा खुला करारका लागि पहल (ओसीफोरएच) (Open Contracting for Health)

| क्षेत्र | गतिविधि (साउन २०७७ - असार २०७८) | जम्मा |
|---|---|---|
| **सरकारी निकाय** | स्वास्थ्य क्षेत्रमा खुला सार्वजनिक खरिद प्रवर्द्धन गर्न सरकारी कार्यालयमा भेटघाट, छलफल र पैरवी | ३ |
| | ओसी हव तथा सार्वजनिक खरिदबारे पुस्तिका तयारी तथा प्रकाशन | १ |
| | छलफलको निष्कर्षको आधारमा सम्बन्धित निकायलाई पत्राचार | १ |
| **निजी क्षेत्र** | औषधि उद्योग, व्यवसायी, तिनका संगठनलगायतका निजी क्षेत्रसँग परामर्श, भेटघाट, छलफल | ३ |

| क्षेत्र | गतिविधि (साउन २०७७ - असार २०७८) | जम्मा |
|---|---|---|
| (स्वास्थ्य सामग्री उपलब्धकर्ता) | स्वास्थ्य सेवासम्बन्धी सेवा-सुविधाहरू, औषधि एवं स्वास्थ्य सामग्रीहरूको गुणस्तर र मूल्यको बजार मूल्यांकन - अध्ययन/अनुसन्धान | १ |
| | व्यापार नैतिकता प्रवर्द्धनका लागि छलफल/फलोअप | २ |
| | सार्वजनिक खरिद, ईजीपी र खुला करार मापदण्डबारे क्षमता अभिवृद्धि तालिम तथा फलोअप | १ |
| | सार्वजनिक खरिद, ईजीपी र खुला करार मापदण्डबारे क्षमता अभिवृद्धि तालिम तथा फलोअप (अनलाइनमार्फत) | १ |
| | नागरिक समाजबाट सार्वजनिक खरिदको अनुगमन तथा तथ्यांक संकलन | १२ |
| नागरिक समाज | संकलन गरिएको सार्वजनिक खरिदको अनुगमनको तथ्यांकका मुख्य निष्कर्षहरूको बारेमा नागरिक समाजबीच छलफल | ६ |
| | सरकार, निजी क्षेत्र र नागरिक समाजबीच त्रिपक्षीय छलफल र फलोअप | १ |
| | स्वास्थ्य क्षेत्रको अनुसन्धान विषयमा तालिम | १ |
| | रेडियो नेपालमार्फत कार्यक्रम प्रसारण | २ |
| | पत्रपत्रिकामार्फत सूचनाप्रवाह | २ |
| | म्यापिङ्ग सर्भिस डेलिभरी ईन हेल्थ केयर - अध्ययन | १ |
| | अध्ययन प्रतिवेदन सार्वजनिकीकरण | १ |
| | स्वास्थ्य चौकी अवलोकन | १ |
| | परियोजनासम्बन्धी भिजुअल सामग्री तयारी | १ |
| | खुला करार र ओसी हव ट्यूटोरियलसम्बन्धी आईईसी सामग्री तयारी/वितरण | १ |
| | **जम्मा गतिविधि** | **४२** |

**जलवायु परिवर्तनसँग सम्बन्धित कार्यमा सुशासन र सदाचार (सीजीआई)** (Climate Governance Integrity)

| क्र.सं. | गतिविधि (साउन २०७७ - असार २०७८) | जम्मा |
|---|---|---|
| १ | जलवायु परिवर्तनसम्बन्धी असर न्यूनीकरण एवं अनुकूलन, जलवायु वित्तसम्बन्धी नीति तथा योजनाका बारेमा केन्द्र/प्रदेश सरकारसँग छलफल | २ |
| २ | जलवायु परिवर्तनका कारण प्रत्यक्ष असर देखिएका क्षेत्रहरूको अवलोकन र प्रतिवेदन तयार | ५ |
| ३ | जिल्ला भ्रमण तथा अध्ययनसम्बन्धी सरोकारवालाहरूसँग छलफल | १ |
| ४ | जलवायु परिवर्तन र वातावरण समस्या विषयमा उच्च माध्यमिक तहका विद्यार्थीबीच वादविवाद प्रतियोगिता | २ |
| ५ | जिल्लामा जलवायु परिवर्तनसम्बन्धी योजनाका बारेमा वकालतका लागि गैर-सरकारी संस्थाहरूसँग छलफल र सहकार्य | ५ |
| ६ | आईपी इभेलूएसन म्यापिङ मिटिङ | २ |
| ७ | मुख्य नगरपालिकाहरूको जलवायु परिवर्तनसम्बन्धी असर न्यूनीकरण र अनुकूलनसम्बन्धी नीति तथा कार्यक्रमका बारेमा अन्तरक्रिया | ७ |
| ८ | जलवायुसम्बन्धी संस्थागत सामाजिक उत्तरदायित्व प्रोत्साहनका लागि निजी क्षेत्रहरूसँग छलफल | २ |
| ९ | जलवायु परिवर्तका कारण प्रत्यक्ष असर परेका समुदाय र सम्बन्धित निकायसँग सार्वजनिक सुनुवाइ | ४ |
| १० | जलवायु परिवर्तन र वातावरण सम्बन्धित गुनासो संकलन | ८ |
| ११ | लैङ्गिक विषयसम्बन्धी कार्यशालामा सहभागी (टीआई सचिवालयद्वारा च्याप्टरहरूसँग आयोजना गरिएको कार्यक्रम) | १ |
| १२ | अन्तर्राष्ट्रिय भ्रष्टाचार विरुद्धको दिवस (डिसेम्बर ०९) कार्यक्रम | ३ |
| १३ | विश्व वातावरण दिवस (जुन ०५) कार्यक्रम | १ |
| १४ | जलवायु परिवर्तन तथा वातावरण समस्यासम्बन्धी जनचेतनाको विषयमा १ मिनेटको श्रव्यदृश्य सामग्रीको निर्माण एवं प्रसारण | १ |
| १५ | जलवायु परिवर्तन र वातावरण सम्बन्धित चित्रकला प्रतियोगिता | १ |
| | **जम्मा गतिविधि** | **४५** |

**सामाजिक जवाफदेहिता र सदाचारका लागि सहकार्य (टीसाई)** (Together for Social Accountability and Integrity)

| क्र.सं. | गतिविधि (साउन २०७७ - असार २०७८) | जम्मा |
|---|---|---|
| १ | सीमान्तकृत/न्यून आय भएका नागरिक/महिला समूहहरूसँग अन्तरक्रिया/छलफल | ४ |
| २ | जोखिम वर्गहरूका लागि सेवामा विशेष पहुँचका लागि स्थानीय निकायहरूसँग छलफल | १ |
| ३ | उच्च माध्यमिक तहमा अध्ययनरत विद्यार्थीबीच शिक्षामा सदाचार विषयक प्रस्तुति | १ |
| ४ | उच्च माध्यमिक तहमा अध्ययनरत विद्यार्थीबीच निबन्ध प्रतियोगिता | १ |
| ५ | गुनासो संकलन (मोबाइल एलाक) | ३ |
| ६ | सहायता कक्ष सञ्चालन | २ |
| ७ | सार्वजनिक सुनुवाइ | १ |
| ८ | एफएम रेडियोसँग सम्झौता | ४ |
| ९ | पत्रपत्रिकासँग सम्झौता | ६ |
| १० | सार्वजनिक स्थानमा सूचनासहितको होर्डिङ बोर्ड | २ |
| ११ | सूचना बोर्ड | १ |
| १२ | नागरिक वडापत्र | १ |
| १३ | सरकारी विद्यालय भवन अवलोकन तथा छलफल | २ |
| १४ | विद्यालयहरूसँग संयुक्तरुपमा छलफल | २ |
| १५ | व्यावसायिक आचारसंहिताबारे छलफल | १ |
| १६ | गैर-सरकारी संस्थाहरूसँग छलफल (१), आवद्ध संस्थाहरूसँग छलफल (१) | २ |
| १७ | सार्वजनिक खरिदमा स्वच्छता विषयमा प्रदेश सरकारसँग छलफल | २ |
| १८ | समस्या/गुनासो समाधान तथा अन्य विषयमा पत्राचार | ३ |
| १९ | अन्य गतिविधि :<br>क) नेपालमा सार्वजनिक क्षेत्रमा अनुशासन विषयक अन्तरक्रिया कार्यक्रम<br>ख) भ्रष्टाचार अवधारणा सूचकाङ्क (सीपीआई) सार्वजनिकीकरण कार्यक्रम | २ |
| | **जम्मा गतिविधि** | **४१** |

## ३. आर्थिक विवरण

- आर्थिक वर्ष २०७७/०७८ मा दातृ निकायको सहयोगमा ४ वटा कार्यक्रम/परियोजनाहरू सञ्चालनमा रहेका थिए। संस्थाको तलब तथा प्रशासनिक खर्च परियोजनाले नै ब्यहोर्ने व्यवस्था गरिएको छ।
- २०७७/०७८ मा संस्थाको कुल आम्दानी (पेश्कीसहित) रु.२ करोड ८१ लाख रह्यो। आम्दानीको मुख्य स्रोत परियोजनासम्बन्धी पेश्की सहयोग रह्यो। मुख्यतः युरोपियन युनियनबाट रु.१ करोड ३२ लाख, ट्रान्सपरेन्सी इन्टरनेशनलबाट रु.८३ लाख र ट्रान्सपरेन्सी इन्टरनेशनल युकेबाट रु.३० लाख पेश्कीस्वरुप प्राप्त भयो। परियोजनाहरूअन्तर्गत अघिल्लो आर्थिक वर्ष २०७६/०७७ बाट अघि ल्याइएको रकम रु.१ करोड ६२ लाख रहेको थियो ।
- २०७७/०७८ मा खर्च रु.२ करोड ७१ लाख रहेको छ। सोमध्ये कार्यक्रम र सम्बन्धित तलब खर्चमा रु.२ करोड ४९ लाख र प्रशासनिक खर्चमा रु.२१ लाख खर्च भएको छ। बाँकी रहेको रकम संस्थाको बैंक खाताहरूमा रहेको छ।
- कोभिड-१९ र लकडाउनका कारण बजेटमा प्रावधान गरिएको रकम परियोजना गतिविधि पूर्णरुपमा हुन नसकेकाले खर्च हुन सकेन।
- परियोजना अन्तः भई बाँकी रहेको पेश्की रकम दातृ निकायलाई फिर्ता गर्नुपर्ने देखिएको छ। यो रकम परियोजनाको बैंक खाताहरूमा रहेको छ।
- संस्थाको आफ्नै बचत रकम करिब रु. १ करोड ७५ लाख पुगेको छ। सो रकमहरू मुद्दति तथा बचत खातामा रहेको छ।

## ४. आगामी वर्षका योजना (२०७८/०७९)

भ्रष्टाचार विरुद्धको अभियानलाई नागरिक समाजको तर्फबाट नेतृत्वकारी भूमिकाको निरन्तरताका लागि निम्न लिखित कार्यहरू आगामी वर्षमा जारी राखिनेछ ।

- सामाजिक जवाफदेहिता, जलवायु सुशासन र सदाचार परियोजनालाई निरन्तरता दिने ।
- भ्रष्टाचार विरोधी अनुसन्धान तथा अध्ययन कार्यलाई अगाडि बढाउने ।
- भ्रष्टाचार र अनियमिततालाई रोक्न शिघ्र प्रतिक्रिया जनाउने ।
- नयाँ परियोजनाका लागि संस्थाले विभिन्न दाताहरूसँग छलफल तथा बैठक सम्पन्न गर्ने ।

## ५. उपसंहार

यस वर्ष सदाचार प्रवर्द्धनतर्फ सम्बन्धित निकायहरूको दृढता र प्रतिबद्धतामा कमी रहेको देखिएको छ । मुख्यरुपमा सरकार, प्रधानमन्त्री (पूर्व) का कदम र सम्बन्धित दलका कारण राजनीतिक विचलन र अस्थिरता बढेकाले भ्रष्टाचार नियन्त्रणको एजेन्डाले राज्यका महत्वपूर्ण अंगहरूमा आवश्यक प्राथमिकता पाउन नसकेको देखिन्छ ।

राजनीतिक अस्थिरता, संवैधानिक संकट र कोभिड-१९ को महामारीबाट गुज्रिएको यो अवस्थामा संस्थाको कार्यसमितिको झन्डै एक वर्ष कार्यकाल पूरा भएको छ । यसक्रममा २ परियोजना सम्पन्न भई केही कर्मचारीलाई बिदा दिइएको छ । चालु दुई परियोजनामा २ कर्मचारी पूर्णकालिन र अन्य ८ लाई विषयगत अल्पकालिन परियोजना परामर्शदाताको रुपमा संलग्न गरिएको छ । आउँदा दिनहरूमा कोभिड-१९ बाट सिर्जित परिस्थितिले दाताहरूको सहयोग घट्ने र यसले यस संस्थाका गतिविधिहरूमा असर पर्नेछ ।

राजनीतिक अस्थिरता र कोभिड महामारीले देशको सामाजिक तथा आर्थिक अवस्था धराशायी बनाएको समयमा वर्षभरि सम्पन्न वहस पैरवी र गतिविधिहरूबाट भ्रष्टाचारमा थप चासो बढ्नुकासाथै जनमानसमा सुशासन, पारदर्शिता जवाफदेहिताजस्ता विषयहरूमा महत्वपूर्ण सन्देशप्रवाह भएको छ । भ्रष्टाचार विरुद्धको आवाज अभिप्रेरित गर्ने काम भएको छ । पुनर्निर्माण, स्वास्थ्य क्षेत्र, जलवायुलगायत भ्रष्टाचार विरोधी सन्देशबाट नागरिकहरूले आफ्ना अधिकारबारे बुझ्ने अवसर पाएका छन् । आउँदा दिनहरूमा पनि यसै कामका लागि कार्यसमिति थप सक्रिय रहनेछ । निरन्तर नागरिक खबरदारी र पहरेदारीले नै लोकतन्त्र, सुशासन र सदाचारलाई प्रत्याभूत गर्दछ भन्ने कुरालाई मध्यनजर गरी टीआई नेपालले नागरिक चेतना अभिबृद्धि र नागरिक संस्थाहरूसँगको सहकार्यमा आफूलाई निर्देशित गराउनु छ । यसैगरी, सदस्य, सचिवालय र सरोकारवालाहरूको सहयोगकासाथ संस्थाको अभियानलाई जिवन्त राखिनेछ ।

## ६. अनुसूची

### ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल आवद्ध संस्था

| प्रदेश नं. | जिल्ला | संस्था |
|---|---|---|
| १ | इलाम | महिला जागरण संघ |
| | सुनसरी | संकल्प समुदायमा आधारित पुनर्स्थापना |
| | उदयपुर | मानवअधिकार र वातावरण विकास केन्द्र |
| २ | - | - |
| बागमती | दोलखा | मानव अधिकार सचेतन तथा विकास केन्द्र |
| | चितवन | भ्रष्टाचार विरूद्ध अभियान |
| गण्डकी | कास्की | सुशासनका लागि नागरिक समाज |
| लुम्बिनी | रुपन्देही | पारदर्शी सरोकार समूह, बुटवल<br>पारदर्शी नेपाल सिद्धार्थनगर |
| | गुल्मी | सुशासन अभियान |
| | बाँके | बागेश्वरी असल शासन क्लब |
| कर्णाली | सुर्खेत | नागरिक सरोकार संघ |
| सुदूरपश्चिम | कैलाली | सदाचारका लागि सामाजिक पहल |
| | दार्चुला | समाज कल्याण समाज |

### ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल

**सचिवालय कर्मचारी**

१. आशिष थापा, कार्यकारी निर्देशक
२. बिनोद भट्टराई, वरिष्ठ अधिकृत

**परियोजना परामर्शदाता**

१. बबिता शर्मा (वित्त)
२. प्रकृतिश्री अधिकारी (कार्यक्रम)
३. सारदा नेपाली (कार्यक्रम)
४. शिशोर द्योला (कार्यालय/लजिस्टिक)
५. श्याम महर्जन (डिजाइन)
६. उत्तम राउत (तथ्यांक)
७. महिमा शाह (लेखा)
८. श्यामलाल साई (मोविलिटी)

# फोटो फिचर



२५ औं वार्षिक साधारणसभा




आईपीईआरआर समिक्षा तथा धन्यवाद ज्ञापन भेला



टीआई नेपालको अध्यक्षमा पद्मिनी प्रधानाङ्ग निर्वाचित




पुनर्निर्माणमा प्रगतिबारे छलफलमा सहभागी



ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालको कार्यसमिति बैठकमा सहभागी




स्वास्थ्य क्षेत्रसम्बन्धी अध्ययन प्रतिवेदन सार्वजनिक




सीपीआई २०१९ सार्वजनिक गरिँदै




जलवायु परिवर्तनको असरबारे सरोकारवालासँग छलफल